**ख) सामाजिक क्षेत्र**

- ❖ गाउँमा सबैको लागि शिक्षा अभियानलाई टेवा पुऱ्याउन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयहरुलाई सहयोग गरिने छ ।
- ❖ गाउँपालिका भित्रका निरक्षरहरु पहिचान गरी साक्षरता र निरन्तर शिक्षा कार्यक्रमहरु सञ्चालन गरि गाउँपालिकालाइ साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- ❖ गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुलाई अन्तराष्ट्रिय रुपमा सक्षम बनाउन क्रमशः अंग्रेजी माध्यमको कक्षा सञ्चालनमा जोड दिइने छ ।
- ❖ तामाङ सस्कृतिको थलो तेमाल गाउँपालिकामा मातृ भाषा (तामाङ भाषा) मा समेत प्राथमिक तहको शिक्षाको व्यवस्था गरिने छ ।
- ❖ माध्यमिक तह कक्षा ११, १२ मा अध्ययनरत दलित छात्र छात्राहरुका लागि लक्षित छात्रवृत्ति मार्फत प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट स्थान हासिल गर्ने छात्र छात्राहरुलाई पुरस्कार तथा पदकद्वार उच्च सम्मान गरिने छ ।
- ❖ गाउँको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा क्रमशः चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक सहयोग र पहल गरिनेछ ।
- ❖ स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्थाहरु बीचको समन्वयलाई सुदृढ तुल्याइने छ ।
- ❖ गाउँको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- ❖ महिला, बालबालिका तथा जेष्ठ नागरीकहरुका लागि उच्च प्राथमिकतामा राखिने छ
- ❖ अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ तेमाल बृहत सुख्खा क्षेत्र खानेपानी आयोजन तथा अन्य साना खानेपानी आयोजनाको मध्यमबाट सबै घर परिवारहरुमा शुद्ध खानेपानी उपयोग गर्न पाउने अधिकारको सुनिश्चितता गरिने छ ।
- ❖ गाउँपालिका भित्र रहेका ऐतिहासिक धार्मिक एवम् साँस्कृतिक स्थलहरुको संरक्षण, सम्बर्द्धनमा जोड दिइने छ ।
- ❖ कृषि उत्पादनलाई बैज्ञानिक पद्धतीमा परिणत गर्नका लागि माटो परीक्षण,पाकेट क्षेत्र स्थापना जस्ता कार्यक्रमहरुलाई प्राथमिकता साथ कार्यान्वयनमा ल्याइने छ ।

**ग) पूर्वाधार क्षेत्र**

- ❖ सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।
- ❖ प्रत्येक सडकका लागि विनियोजित रकमको ४ प्रतिशत रकम कट्टा गरि मर्मत सम्भार कोषमा जम्मा गरिनेछ सो रकमबाट साझेदारीमा मर्मत संभार कार्य सञ्चालन गरिनेछ र अपाङगमैत्री संरचनामा जोड दिइनेछ । उपभोक्ताहरुको योजना प्रति अपनत्व वृद्धि गर्नका लागि उपभोक्ताबाट सञ्चालन हुने योजनामा लागत सहभागीताको **९ प्रतिशत जनश्रमदान र १ प्रतिशत अनिवार्य नगद सहभागीता** हुनु पर्ने नीति लिइएको छ ।
- ❖ सडक संञ्जालको विस्तार गरी निर्माण भइसकेका सडकहरुको स्तरोन्नतीका लागि विशेष पहल गरिने छ ।
- ❖ सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुला राख्ने कार्यमा निरन्तरता दिइनेछ र अव्यवस्थित रुपले रहेका विद्युत तथा टेलिफोनका पोल तथा तारलाई व्यवस्थित गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ ।